Australian Government
Department of Health, Disability and Ageing



# अधिकारमा आधारित नयाँ वृद्धवृद्धा हेरचाह ऐन

नयाँ वृद्धवृद्धा हेरचाह ऐनले वृद्ध व्यक्तिहरूको अधिकारलाई प्राथमिकता दिनेछ। यसले वृद्धवृद्धा हेरचाह सेवाहरू लिने वृद्ध व्यक्तिहरूका लागि Statement of Rights [अधिकारहरूको विवरण] समेट्छ। यो तथ्य पत्र ती अधिकारहरूको सारांश हो जुन सरल भाषामा छ।

## अधिकारहरूको विवरणका बारेमा

अष्ट्रेलियाली सरकारले अष्ट्रेलियाको वृद्धवृद्धा हेरचाह कानूनहरू परिवर्तन गर्दै छ। The *Aged Care Act 2024 [वृद्धवृद्धा हेरचाह ऐन 2024]* (नयाँ ऐन) मा अधिकारहरूको विवरण छ। यसले अष्ट्रेलियाली सरकारद्वारा वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू लिँदा वृद्ध व्यक्तिहरूका के-कस्ता अधिकारहरू हुन्छन् भन्ने व्याख्या गर्दछ। अधिकारहरूको विवरणले 1 नोभेम्बर 2025 मा  वृद्धवृद्धा हेरचाह अधिकारको हालको बडापत्रलाई प्रतिस्थापन गर्ने छ।

नयाँ ऐनमा रहेको अधिकारहरूको पूर्ण विवरण यस तथ्य पत्रको अन्त्यमा छ।

## अधिकारहरूको विवरणले तपाईंका लागि के अर्थ राख्छ

अधिकारहरूको विवरणले तपाईं आफ्नो वृद्धवृद्धा हेरचाहको केन्द्रमा हुनुहुन्छ भनेर सुनिश्चित गर्न मद्दत गर्ने छ।

यसले तपाईंलाई निम्न अधिकार दिन्छ:

- आफ्नो जीवनको बारेमा आफ्नै निर्णयहरू लिन
- आफ्ना निर्णयहरू स्वीकृत मात्र नभएर सम्मानित पनि गराउन
- निर्णयहरू लिन मद्दत गर्ने जानकारी र सहायता प्राप्त गर्न
- आफ्ना इच्छा, आवश्यकता र प्राथमिकताहरू व्यक्त गर्न
- सुरक्षित र सम्मानित महसुस गर्न
- आफ्नो संस्कृति र पहिचान सम्मानित राख्न
- आफ्नो समुदायसँग आबद्ध रहन।

## स्वतन्त्रता, छनौट र नियन्त्रण

तपाईंको निम्न कुराहरूका बारेमा आफ्नै निर्णय लिने र तिनीहरूको नियन्त्रण गर्ने अधिकार छ:

- तपाईंले कुन वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू प्रयोग गर्ने
- तपाईंले कसरी र कहाँबाट वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू लिने
- तपाईंको पैसा र सामानहरू।

यी निर्णयहरू गर्न तपाईंलाई सहायता आवश्यक भए त्यो प्राप्त गर्ने तपाईंको अधिकार छ।

केही व्यक्तिगत जोखिम भएतापनि आफू कसरी बाँच्ने भनेर छनौट गर्ने पनि तपाईंको अधिकार छ। उदाहरणका लागि, तपाईंको सामाजिक जीवन र घनिष्ठ सम्बन्धहरूबारे छनौटहरू।

## निष्पक्ष पहुँच

तपाईंलाई आवश्यक वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरूबारे पत्ता लगाउन निष्पक्ष र सही मूल्याङ्कन गराउने तपाईंको अधिकार छ।

यो मूल्याङ्कन तपाईंलाई उपयुक्त हुने तरिकाले गरिनुपर्छ। यसले तपाईंका निम्न कुराहरूको सम्मान गर्नुपर्छ:

- संस्कृति र पृष्ठभूमि
- व्यक्तिगत अनुभव र कुनै पनि आघात
- डिमेन्सिया जस्ता संज्ञानात्मक अवस्थाहरू।

तपाईंलाई आवश्यक परेको बेला आफूलाई आवश्यक पर्ने हेरचाह प्राप्त गर्ने अधिकार पनि छ। यसमा उपशामक हेरचाह तथा जीवनान्त  हेरचाह पर्छन्।

## सुरक्षा र गुणस्तर

तपाईंलाई गरिमा तथा सम्मानका साथ व्यवहार गरिने सुरक्षित, गुणस्तरीय र निष्पक्ष वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरूको अधिकार छ।

यसमा वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू पहुँच गर्ने अधिकार पर्दछन् जसले/जो:

- तपाईंको पहिचान, संस्कृति र पृष्ठभूमिको मान र समर्थन गर्छ
- कुनै पनि आघात सहित तपाईंको अनुभवको सम्मान गर्छ
- प्राप्य  छन् र तपाईंका आवश्यकताहरू परिपूर्ति गर्छन्
- हिंसा, दुर्व्यवहार र उपेक्षाबाट मुक्त छन्।

तपाईंलाई वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू निम्नबाट लिने  अधिकार छ:

- सही प्रशिक्षण, सीप र अनुभव भएका कर्मचारीहरू
- वृद्धवृद्धा हेरचाह कानून अन्तर्गतका सबै सर्तहरू पूरागर्ने प्रदायकहरू।

वृद्धवृद्धा हेरचाह लिँदा असुरक्षित महसुस गरे तपाइंले वकिल, सामाजिक कार्यकर्ता र अन्य विशेषज्ञहरूबाट नि:शुल्क सहायता प्राप्त गर्न सक्नुहुन्छ। ज्येष्ठ नागरिकमाथि गरिने दुर्व्यवहार विरूद्ध सुरक्षाको बारेमा थप जानकारीको लागि महान्यायाधिवक्ताको वेबसाइटमा हेर्नुहोस्।

## तपाईंको गोपनीयता र जानकारीको सम्मान

तपाईंको प्रदायकले:

- तपाईंको व्यक्तिगत गोपनीयताको सम्मान गर्नै पर्छ

- तपाईंको स्वास्थ्य र आर्थिक जानकारी जस्ता तपाईंका व्यक्तिगत जानकारीको सुरक्षा गर्नै पर्छ
- अधिवक्ता वा वकिल जस्ता अन्य कसैलाई तपाईंको व्यक्तिगत जानकारी कहिले दिन सकिन्छ भनेर तपाईंलाई छनौट गर्न अनुमति दिनै पर्छ।

तपाईंका आफ्ना अधिकारहरू र तपाईंले प्रयोग गर्ने वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवा सम्बन्धी अभिलेख र जानकारी प्राप्त गर्ने अधिकार तपाईंलाई छ। यसमा ती सेवा शुल्क पर्छन्।

### तपाईंका आवश्यकताहरू पूरा गर्ने सञ्चार

तपाईंको निम्न अधिकार हुन्छ:

- तपाईंले बुझ्ने तरिकाले जानकारी प्राप्त गर्ने
- प्रतिक्रिया दिने।

तपाईंले रूचाएको भाषा वा तरिकाले कुराकानी गर्ने तपाईंको अधिकार छ। यसमा तपाईंलाई आवश्यक परेमा दोभाषे वा सञ्चार सहायकहरूको प्रयोग पर्छ।

आफ्ना प्रदायक र आफ्ना समर्थकहरूसँग आफूलाई उपयुक्त हुने तरिकाले भेट्ने पनि तपाईंको अधिकार छ। यसको अर्थ तपाईंलाई पायक पर्ने दिन र समयमा भेट्न सक्नुहुन्छ भन्ने हुनसक्छ।

### छिटो र निष्पक्ष रूपमा मुद्दाहरू उठाउनका लागि समर्थन

तपाईंको वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरूमा समस्याहरू हुँदा तपाईंको निम्न अधिकार हुन्छ:

- तपाईंको प्रदायकबाट समर्थन प्राप्त गर्ने
- भयभित वा दण्डित नभई गुनासो गर्ने
- तपाईंका  गुनासाहरूको द्रुत र निष्पक्ष प्रतिक्रिया प्राप्त गर्ने ।

### मानिसहरू र समुदायसँग समर्थन र सम्बन्धन

तपाईंलाई आफ्ना अधिकारहरू बुझ्न, निर्णयहरू लिन वा गुनासो गर्न सहायता आवश्यक पर्नसक्छ। तपाईंको स्वतन्त्र अधिवक्ता वा तपाईंले रोज्नु भएको अरू कसैबाट यो सहायता प्राप्त गर्ने अधिकार छ।

तपाईंको आफ्नो अधिवक्ता वा सहायता गर्ने व्यक्तिसँग आफूले चाहेको समयमा कुराकानी गर्ने अधिकार छ।

प्रदायकहरूले तपाईंका लागि महत्त्वपूर्ण व्यक्तिहरूको भूमिकाको सम्मान गर्नुपर्छ। उदाहरणका लागि, परिवार, साथीहरू र हेरचाहकर्ताहरू।

तपाईंको निम्नसँग आबद्ध रहने अधिकार छ:

- तपाईंका लागि महत्त्वपूर्ण व्यक्तिहरूसँग
- तपाईंको समुदायसँग, बसिबियाँलो वा सांस्कृतिक गतिविधिहरूमा भाग लिने जस्ता कुरा यसमा पर्छन्
- तपाईंका पाल्तु जनावरहरूसँग।

आदिवासी र टोरेस स्ट्रेट टापुवासी मानिसहरूलाई उनीहरूको समुदाय, देश र टापु घरसँग आबद्ध रहिरहन पाउने अधिकार छ।

## तपाईंका अधिकारहरू कायम राखिएका छन् भनी कसरी सुनिश्चित गर्ने

तपाईंको प्रदायकले अधिकारहरूको विवरण  बुझ्न र पालना गर्न अनिवार्य छ। तिनीहरूले यसो नगरे तपाईंले उजुरी आयुक्तलाई गुनासो गर्न सक्नुहुन्छ।

तपाईं अनलाइन, फोन वा पत्र मार्फत गुनासो गर्न सक्नुहुन्छ। थप जानकारीका लागि वृद्धवृद्धा हेरचाह गुणस्तर र सुरक्षा आयोगको वेबसाइट हेर्नुहोस्।

तपाईंलाई गुनासो पोख्न वा जानकारी प्राप्त गर्न सहयोग चाहिए 1800 700 600मा Older Persons Advocacy Network (OPAN) [वृद्धवृद्धा वकालत सञ्जाल] लाई सम्पर्क गर्नुहोस्।

तपाईंलाई मद्दत गर्न OPAN सँग नि:शुल्क, स्वतन्त्र र गोप्य अधिवक्ताहरू छन्।

## नयाँ ऐनमा रहेको अधिकारहरूको पूर्ण पुर्ण विवरण

नयाँ ऐनको खण्ड 23 मा रहेका प अधिकारहरूको पूर्ण विवराण निम्न छ।

*स्वतन्त्रता, स्वायत्तता, सशक्तिकरण र छनौटको स्वतन्त्रता*

(1) व्यक्तिलाई निम्न अधिकार छ :

(a) छनौट गर्न र व्यक्तिको जीवनलाई प्रभाव पार्ने निर्णयहरू गर्न , जसमा निम्न सम्बन्धी कुराहरू समेटिन्छन्:

(i) व्यक्तिले पहुँच गर्न स्वीकृत गरिएका वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू;

(ii) व्यक्तिलाई ती सेवाहरू कसरी, कहिले र को द्वारा दिइन्छन्;

(iii) व्यक्तिको आर्थिक कारोबार र निजी सम्पत्तिहरू; र

(b) ती निर्णयहरू गर्नमा (आवश्यक परे) सहायता लिन, र ती निर्णयहरूलाई सम्मानित राख्न; र

(c) व्यक्तिगत जोखिमहरू उठाउन, जसमा व्यक्तिको जीवनको गुणस्तर, सामाजिक सहभागिता र घनिष्ठ तथा यौन सम्बन्धहरूको खोजी पर्दछन्।

*समान पहुँच*

(2) एउटा व्यक्तिको निम्न कुराहरूमा समान पहुँच पाउने अधिकार हुन्छ:

(a) वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरूका लागि व्यक्तिको आवश्यकतालाई निम्न तरिकाले मूल्याङ्कन वा पुनः मूल्याङ्कन गराइन जुन:

(i) सांस्कृतिक रूपमा सुरक्षित, सांस्कृतिक रूपमा उपयुक्त, आघात-सचेत र उपचार-सूचित छ; र

(ii) डिमेन्सिया वा अन्य संज्ञानात्मक अशक्तता भएका व्यक्तिहरूका लागि प्राप्य र उपयुक्त छ; र

(b) आवश्यक पर्दा उपशामक हेरचाह र जीवनान्त हेरचाह पाउन।

*गुणस्तरीय र सुरक्षित वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू*

(3) एउटा व्यक्तिको निम्न अधिकार छ:

(a) मर्यादा र सम्मानका साथ व्यवहार गरिन; र

(b) सुरक्षित, निष्पक्ष, समान र -गैर-भेदभावपूर्ण व्यवहार गरिन; र

(c) व्यक्तिको पहिचान, संस्कृति, आध्यात्मिकता र विविधताको मूल्य र समर्थन प्राप्त गर्न; र

(d) व्यक्तिलाई वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू प्राप्त गर्न:

(i) सांस्कृतिक रूपमा सुरक्षित, सांस्कृतिक रूपमा उपयुक्त, आघात-सचेत र उपचार-सूचित तरिकाले ; र

(ii) पहुँचयोग्य तरिकाले; र

(iii) उपयुक्त योग्यता, सीपहरू र अनुभव भएका पञ्जीकृत प्रदायकहरूका वृद्धवृद्धा हेरचाह कर्मचारीहरूद्वारा।

(4) व्यक्तिलाई निम्न अधिकार छ :

(a) सबै प्रकारका हिंसा, अपमानजनक वा अमानवीय व्यवहार, शोषण, उपेक्षा, जबरजस्ती, दुर्वचन द वा यौन दुर्व्यवहारबाट मुक्त रहन; र

(b) यस ऐन अन्तर्गत पञ्जीकृत प्रदायकहरूमा लगाइएका आवश्यकता अनुरूप गुणस्तरीय र सुरक्षित वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरू सुसङ्गत रूपमा प्राप्त गर्न।

नोटः अध्याय ३ को भाग ४ को खण्ड १ पञ्जीकृत प्रदायकहरूमा लगाइएका सर्तहरूका साथै प्रतिबन्धात्मक अभ्यासहरूको प्रयोग र घटनाहरूको व्यवस्थापनबारे आवश्यकतासँग सम्बन्धित छ।

*गोपनीयता र जानकारीको सम्मान*

(5) एउटा व्यक्तिको यो अधिकार छ कि:

(a) उसको व्यक्तिगत गोपनीयता सम्मानित रहोस्; र

(b) उसको व्यक्तिगत जानकारी सुरक्षित रहोस्।

(6) यस खण्ड अन्तर्गत व्यक्तिलाई उसको अधिकार अनि उसले लिने वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवा सम्बन्धी साथै ती सेवाको लागत बारे अभिलेख अनि जानकारी खोज्ने तथा प्राप्त गर्ने अधिकार छ।

*व्यक्ति-केन्द्रित सम्प्रेषण र प्रतिशोध नराखी मुद्दाहरू उठाउने क्षमता*

(7) व्यक्तिलाई निम्न अधिकार छ कि:

(a) व्यक्तिले लिने वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरूका बारेमा उसले बुझ्ने तरिकाले सूचित गरियोस् र

(b) व्यक्तिले लिने वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवाहरूको बारेमा राय व्यक्त गर्न पाओस् र त्यो सुनियोस्।

(8) व्यक्तिलाई उसले रुचाएको भाषा वा सञ्चारको विधिमा, आवश्यकता अनुसार दोभाषे र सञ्चार सहायताहरूमा पहुँच सहित कुराकानी गर्ने अधिकार छ।

(9) व्यक्तिलाई निम्न अधिकार छ कि:

(a) वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवा आपूर्तिमा समस्याहरू उत्पन्न हुँदा पञ्जीकृत प्रदायकहरूबाट खुलस्त सञ्चार र समर्थन होस्; र

(b) व्यक्तिले प्रतिशोध हुने भयबाट मुक्त भई वित्त पोषित वृद्धवृद्धा हेरचाह सेवा आपूर्ति बारेमा प्राप्य संयन्त्र प्रयोग गरेर गुनासो गर्न सकोस्; र

(c) व्यक्तिका गुनासाहरूलाई निष्पक्ष रूपमा र तुरुन्तै सम्बोधन गरियोस्।

*वकिलहरू, महत्त्वपूर्ण व्यक्तिहरू र सामाजिक सम्बन्धहरू*

(10) यस खण्डमा उल्लिखित अधिकारहरू प्रयोग गर्दा वा बुझ्न खोज्दा, व्यक्तिको विचार व्यक्त गर्दा, व्यक्तिको जीवनलाई असर गर्ने निर्णयहरू गर्दा तथा गुनासो गर्दा वा प्रतिक्रिया दिँदा व्यक्तिलाई व्यक्तिको रोजाइको अधिवक्ता वा अन्य व्यक्तिद्वारा समर्थित हुने अधिकार छ।

(11) हेरचाहकर्ता, आगन्तुक र स्वयंसेवकहरू लगायत व्यक्तिको महत्त्वपूर्ण व्यक्तिहरूको भूमिकालाई स्वीकार र सम्मान गरियोस् भन्ने अधिकार व्यक्तिलाई छ।

(12) व्यक्तिलाई निम्नसँग आबद्ध रहनको लागि अवसर र सहयोग पाउने अधिकार छ (व्यक्तिले रोजे)

(a) व्यक्तिको जीवनका महत्त्वपूर्ण व्यक्तिहरू र पाल्तु जनावरहरू, जसमा व्यक्तिले उनको वासस्थानमा परिवारका सदस्यहरू, साथीहरू, स्वयंसेवकहरू वा अन्यसँग सुरक्षित रूपमा भेट्ने अनि उनले आफ्ना परिवारका सदस्यहरू वा साथीहरूसँग गर्ने भेट समाष्ट छन् ; र

(b) व्यक्तिको समुदाय, सार्वजनिक जीवन र बसिबियाँलो, सांस्कृतिक, आध्यात्मिक र जीवनशैली गतिविधिहरूमा सहभागी भएर; र

(c) यदि व्यक्ति आदिवासी वा टोरेस स्ट्रेट टापुवासी व्यक्ति भए—समुदाय, देश र टापु घर।

(13) कुनै पनि व्यक्तिलाई आफूले रोजेको कुनै पनि समयमा, सो व्यक्तिले तोकेको व्यक्ति वा उपयुक्त अधिकारीले तोकेको व्यक्तिसम्म पुग्ने अधिकार हुन्छ।